# खिजीदेम्वा गाउँपालिका

## आर्थिक विधेयक, २०७५

गाउँसभाबाट स्वीकृत मिति : २०७५/०३/१०

**खिजीदेम्वा गाउँपालिका**

ओखलढुङ्गा

१ नं. प्रदेश, नेपाल

खिजीदेम्वा गाउँपालिका

आर्थिक विधेयक, २०७५

**खिजीदेम्वा गाउँपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावना:** खिजीदेम्वा गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम खिजीदेम्वा गाउँसभाले यो विधेयक बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस विधेयकको नाम "आर्थिक विधेयक २०७५" रहेको छ ।

(२) यो विधेयक गाउँसभावाट स्वीकृत भएको मितिदेखि खिजीदेम्वा गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **एकिकृत सम्पत्ती कर :** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) र (२) बमोजिम एकिकृत सम्पत्ति कर लगाईनेछ ।

३. **घर वहाल कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहारा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिइएकोमा अनुसूची (३) बमोजिम घर, जग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

४. **व्यवसाय कर :** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

५. **जडीबुटी, कवाडी र जीवजन्तु कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

६. **सवारी साधन कर :** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

७. **विज्ञापन कर :** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

बहादुर रोका
अध्यक्ष

८. **मनोरञ्जन कर :** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **पार्किङ शुल्क :** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (९) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१०. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर, व्यालुनिङ, गल्फकोर्स, प्याराग्लाईडिङ र ऱ्याफ्टीङ्ग शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर, व्यालुनिङ, गल्फकोर्स, प्याराग्लाईडिङ र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय सञ्चालन गरे वापत अनुसूची (१०) बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११. **सेवा शुल्क, दस्तुर :** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (११) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१२. **पर्यटन शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (१२) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाउने र असुल उपर गर्नेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१३. **कर छुट :** यस विधेयक बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

१४. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि :** यो विधेयकमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

खिजीदेम्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
१ नं. प्रदेश, नेपाल
स्था: २०७३

## अनुसूची-१

### ऐनको दफा (२) सँग सम्बन्धित

### गाउँपालिकाबाट लगाईने एकिकृत सम्पति करको दर

| करयोग्य एकिकृत मुल्य | वर्षिक दर (कोष्ठमा उदाहरण) |
|---|---|
| पाँच लाख रुपैयाँसम्मको मूल्यांकनमा | एक मुस्ठ रु.१०० (एकसय) |
| पचास लाख रुपैयाँसम्म | प्रति लाख.रु.१५ = ७५० (रु सात सय पचास) |
| एकाउन्न लाख देखि एक करोड रुपैयाँसम्म | प्रति लाख रु.२० = २००० (रु.दुइ हजार ) |
| एक करोड एक लाख देखि दुई करोड रुपैयाँसम्म | प्रति लाख रु.२२ = ४,४०० (रु.चार हजार चार सय ) |
| दुई करोड एक लाख रुपैयाँदेखि तिन करोड रुपैयाँसम्म | प्रति लाख रु.३० = ९,००० (रु.नौ हजार ) |
| तिन करोड एक लाख रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्म | प्रति लाख रु.३५ = १७,५०० ( रु सत्र हजार पाँच सय ) |
| पाँच करोड एक लाख भन्दा माथि | प्रति लाख रु.५० (रु पचास ) |

## अनुसूची २

### ऐनको दफा (२) को उपदफा (१) सँग सम्बन्धित

### **खिजीदेम्वा गाउँपालिकाबाट लिईने एकिकृत सम्पतिको विवरण**

| सि.नं. | जग्गा /घर धनिको नाम | पेशा | ठेगाना | | जग्गाको विवरण | | भौतिकि संरचनाको विवरण र किसिम | | | भौतिक संरचना बनेको मिति | भौतिक संरचनाको | | | | भौतिक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बाटोको नाम | घर नं. | कि. नं. | क्षेत्रफल | भवन | गेदाम, सेड | अन्य | | लम्वाई फि | चौडाई फि | क्षे.फ वर्ग फि | तला सं. | आवास |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

वेद बहादुर रोका
अध्यक्ष

अनुसूची-३
ऐनको दफा (३) सँग सम्बन्धित
गाउपालिकाबाट लिईने घर बहाल करको दर रु:

| | | |
|---|---|---|
| **बहाल कर ( पटके)** | गाउँपालिका क्षेत्र भित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेडछप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आशिक रुपमा बहालमादिएकोमा सम्बन्धित धनिबाट बहाल रकमको | **१०%** |
| | गाउँपालिका क्षेत्रमा निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार र सार्वजानिक स्थल, ऐलानि जग्गा वा बाटोको छेउमा अस्थायी पसलथाप्न दिए वापत प्रतिमिटर बार्षिक बहाल कर | **५००/** |
| | गाउँपालिका क्षेत्रमा निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार र सार्वजानिक स्थल प्रतिवर्ग मिटर रु. | **५००|-** |

अनुसुची - ४
(ऐनको दफा (४) सँग सम्बन्धित)
गाउँपालिकाबाट लिईने व्यवसाय करको वार्षिक दर :-

| | | |
|---|---|---|
| व्यवसाय कर (वार्षिक रु.) | दैनिक उपभोग खाद्य पदार्थ बेच्ने पसल | ५,००।- |
| | लुगा सिउने, कपाल काट्ने, कपडा धुने, पान बेच्ने, तस्वीर खिच्ने, माटोको भाँडा बेच्ने, पसल र आरनको काम गर्ने | १०० |
| | लत्ता कपडा, फलाम, सिमेन्ट, कर्कटपाता, तामा, सुन चादीका, गहना तथा पित्तल बाट तयार हुने भाँडा कुडा रङ रोगन कलात्मक मुर्तीको सामान विजुलीको सरसामान बेच्ने पसल | १,००० |
| | मसलन्दको सामानहरु प्ट्रोल, मोविल, आयल, आईसक्रिम, जुत्ता, फर्निचर, फर्निसिङ, मेसिनको पाट पुर्जा, तयारी पोसाक आदि मालसामान बेच्ने पसल | १५,०० |
| | रेडियो, घडी, क्यामेरा, टेलीभिजन, फ्रिज, सवारी साधन वा विलासिताको सामान बेच्ने पसल | १५,०० |
| | स्थानीय ईजाजत प्राप्त भएको भट्टी बाट उत्पादित सबै प्रकारका मदिरा बेच्ने पसल वा भट्टी | १,००० |
| | सिमेन्ट तथा टायल, ब्लग, ह्युम पाईप, पोल, जस्ता सिमेन्टबाट तयार हुने सामानको प्रती पसल | २,००० |
| | स्वदेशी वा विदेशि डिष्टिलरी वा ब्रुअरीबाट उत्पादित वोत्तल बन्दि मदिरा पसल | २,००० |

| | | |
|---|---|---|
| | चिया मिठाई पसल वा भोजनालय | ५,०० |
| | नेपाल सरकारको स्वीकृत लिई स्थापना भएको मद भट्टी | ५,००० |
| | छापाखाना | २,००० |
| | ज्यासल खोली व्यापार गर्नेलाई | १,००० |
| | पाँच तारे होटल | ३०,००० |
| | तिनतारे होटल | १५,००० |
| | दूई र एक तारे होटल | ५,००० |
| | तारे बाहेकका अन्य होटल गेष्ट हाउसलज | २५,०० |
| | चिकित्सक, दन्तचिकित्सक, ईन्जिनियर, कानुन वा लेखापढी व्यवसायी, लेखा परिक्षक, व्यवसायिक, व्यायामशाला, ज्योतिष, शिक्षण संस्था -आईप कम्प्युटर) मनिचेञ्जर, फर्निचर, पशु चिकित्सा सेवा, मसाज पार्लर, कस्मेटिक सामान /पसल कविराज, पेन्टर | १,००० |
| | बैङ्किङ र वित्तिय संस्था<br>सहकारीको हकमा रु. | ५,०००।<br>२५०० |
| | दुग्ध व्यवसायिक चिज उद्योग | ५,०० |
| | व्यवसायिक तालिम केन्द्र | २,००० |
| | पेल्ट्रिकसेट | १५,०० |
| | माईको हाईड्रो | ३,००० |
| | घरेलु तथा साना उद्योग | ५,०० |
| | मझौला उद्योग | ५,००० |
| | ठुलो उद्योग | १०,००० |
| | गाउँपालिका क्षेत्रमा प्रधान कार्यालय भएको निर्माण व्यवसायिलाई | १५,००० |
| | व्यवसायिक सञ्चार (फोन, फ्याक्स), ईमेल, इन्टरनेट फोटोकपि,आदि सेवा | १,००० |
| | समुह दर्ता | ३०० |
| | घर निर्माण म्पन्नता प्रमाणपत्र | ३०० |
| | मिल -प्रति अश्व शक्ति) | २५ |
| | अन्यन्त्र दर्ता भई यस खिजीदेम्वा गा.पा.भित्र काम गर्ने निर्माण व्यवसाय स्थानीय सरकार सेवा शुल्क<br>➢ विस लाख देखि पचास लाख सम्म रु.<br>➢ पचास लाख देखि एक करोड सम्म रु.(एक करोड एक लाख देखि थप प्रति लाख सय लाग्ने छ )<br>➢ एक करोड देखि दुई करोड सम्म रु.<br>➢ दुई करोड देखि पाँच करोड सम्म रु.<br>➢ पाँच करोड देखि पचास करोड सम्म रु.<br>➢ पचास करोड देखि एक अरब सम्म रु.<br>➢ सो भन्दा माथि थप प्रति अरब रु.<br>➢ गा.पा.भित्र दर्ता भएका निर्माण व्यवसाय घ वर्गको ठेकेदारहरुलाई लाइसेन्स वापत रु.<br>➢ स्थानीय व्यवसाय सञ्चालनको हकमा अन्यन्त्र दर्ता भई काम गर्ने निर्माण व्यवसायहरुलाई लाग्ने शुल्क भन्दा ५० % कम लाग्ने छ। | ५,०००<br>१०,०००<br>१५,०००<br>२५,०००<br>५०,०००<br>१,००,०००<br>५०,०००<br>२,५०० |
| | माथिको वर्गिकरणमा नपरेका अन्य पसल तथा कारोवारको हकमा कारोवार हेरी न्यूनतम रु. ५००। हनेछ। | |

## अनुसूची - ५

(ऐनको दफा (५) सँग सम्बन्धितर)

### खिजीदेम्वा गाउँपालिकाले लिने जडिवुटी, कवाडी र जिवजन्तु निकासी करको दर

| | |
|---|---|
| जडीवुटी -प्रचालित कानुनले निसेध गरिएको बाहेक) प्रतिकेजी रु.लोत्ता अर्गेली | १ |
| चिराइतो, प्रतिकेजी रु. | ११५० |
| लौठसल्ला प्रतिकेजी रु. | ५ |
| सुगन्धवाल प्रतिकेजी रु. | २ |
| मजिठो,ठूलोओखति,पाखानवेद प्रतिकेजी रु. | ५०पैसा |
| अन्य प्रतिकेजी रु. | १ |
| कवाडी प्रचलित मुलयको | ५% |
| जिवजन्तुको हाड, सिंङ प्वाख, छाला, (प्रचालित कानुनले निसेध गरिएको बाहेक) प्रचालित मुल्यको | ७% |

## अनुसूची ६

(ऐनको दफा (६) सँग सम्बन्धित)

### गाउँपालिकाले लिने सवारी साधन कर

| | | |
|---|---|---|
| (सवारी साधन वार्षिक रु.) | वस, ट्रक, लरी वा अन्य हेवी गाडी प्रति एकको | ६,००० |
| | भाडाका कार, जिप | ३००० |
| | ट्याक्टर | २,००० |
| | निजी कार, टेम्पो, मिनिवस | १,००० |
| | स्कुटर, मोटरसाईकल तथा अन्य सवारी साधनमा | १०० |
| | ठेलागाडा/रिक्सा | ५० |
| | खाद्य तथा गैह्रखाद्य वस्तु ढकमा ल्याइ वेच्नेवालाको प्रतिपटक रु. | १,००० |

## अनुसूची - ७

(ऐनको दफा (७) सँग सम्बन्धित)

### गाउँपालिकाले लिने विज्ञापनको करको दर रु.

| | विवरण | प्रति वर्ग फिट दर | |
|---|---|---|---|
| विज्ञापन कर | मादक पदार्थ र सुर्तिजन्य वस्तुहरुको : | पटके | वार्षिक |
| | (क) होडिङ बोर्ड | २० | ५० |
| | (ख) भित्ते लेखन | २० | २५ |
| | (ग) तुल व्यनरमा लेखाई | २० | २५ |
| | होटल तथा व्यापार व्यवसाय तथा सवारी साधनको प्रवर्द्धन सम्बन्धि : | प्रति वर्ग फिट दर | |
| | (क) होडिङ बोर्ड | १५ | ४० |
| | (ख) भित्ते लेखन | १५ | २० |
| | (ग) तुल व्यनरमा लेखाई | १५ | २० |

## अनुसूची - ८

(ऐनको दफा (८) सँग सम्बन्धित)

गाउँपालिकाले लिने मनोरञ्जन करको दर रु.

| | | |
|---|---|---|
| **मनोरञ्जन कर (पटक)** | सिनेमाहल, भिडियोहल, साँस्कृतिक प्रदर्शन हल, थिएटर, संगित, मनोरञ्जन प्रदर्शन स्थल, ऐतीहासिक स्थल, पुरातात्विक स्थल एंव धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क रकम<br><br>(तर, ऐतिहासिक, पुरातात्विक र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई प्रवेश शुल्क लिईने छैन) | **२,००।-** |
| | जादु, सर्कस, चटक आदिमा प्रतिदिन | **३,००।-** |

## अनुसूची - ९

(ऐनका दफा (९) सँग सम्बन्धित)

गाउँपालिकाले लिने पार्किङ शुल्कको दर रु.

| | | |
|---|---|---|
| **पार्किङ शुल्क (पटके)** | गाउँपालिकाले व्यवस्था गरेको सवारी पार्कमा पार्किङ गरिएका वस, मिनिवस, ट्रक, ट्याक्टर लगाएतका हेवी सवारी साधनको लागि प्रति दिन | **४०।-** |
| | गाउँपालिकाले आफुले तोकेको कार पार्किङ क्षेत्रमा पार्किङ गर्ने कार, जिप, बोलेरो लगाएतका हलुका सवारी साधनको लागि प्रति दिन | **२०।-** |
| | उल्लेखित सवारी साधन बाहेक अन्य सवारी साधनहरुका लागि गाउँपालिकाले व्यवस्था गरेका क्षेत्रहरुमा प्रति दिन | **१०।-** |

## अनुसूची - १०

(ऐनको दफा (१०) सँग सम्बन्धित)

गाउँपालिकाले लिने सेवा वा व्यवसाय शुल्कको दर रु.

आफ्नो क्षेत्र भित्र ट्रेकिङ, व्यालुनिङ, गल्फकोर्ष, प्याराग्लाईडिङ, खच्चडमार्फत मालसामान ढुवानी, अश्वा रोहण आदि सेवा वा व्यवसाय सञ्चालन वापत सम्बन्धित व्यवसाय लाई देहायबमोजिम कर लाग्ने छ ।

| | |
|---|---|
| २ देखि ७ वटा सम्मका खच्चडहरु मार्फत सेवा सञ्चालन वापत -वार्षिक रु) | १५,००।- |
| ८ देखि १४ वटा सम्मका खच्चडहरु मार्फत सेवा सञ्चालन वापत -वार्षिक रु) | ३५,००।- |
| १४ भन्दा बढि खच्चडहरु मार्फत सेवा सञ्चालन वापत रु ३,५००।- मा थप प्रति खच्चडको वार्षिक रु. ३००।- तर अन्य गाउँ/नगरपालिका बाट प्रवेश भएका खच्चडहरु मार्फत सेवा पुऱ्याईएकोमा सम्बन्धित व्यवसाय बाट प्रति खच्चड वापत कर रु १०।- लाग्नेछ । | |
| ट्रेकिङ व्यवसाय सञ्चालन वापत -प्रति व्यवसाय वार्षिक रु.) | १,०००।- |

| व्यालोनिङ, गल्फकोर्श, प्यारा ग्लाईडिङ, अश्वा रोहण आदि सञ्चालिन गरे वापत सम्बन्ति व्यवसाय लाई आर्थिक समितिले निर्णय गरे बमोजिमको कर लाग्ने छ । |
|---|

## अनुसूची - ११

(ऐनको दफा (११) सँग सम्बन्धित)

गाउँकार्यपालिका वा वडा बाट उपलब्ध गराईने प्रमाणित तथा सिफारिस वापतको सेवा शुल्कको दर रु.

| क्र.स | प्रमाणित तथा सिफारिसको किसिम | ईकाई | शुल्क दर |
|---|---|---|---|
| १ | नाता प्रमाणित | प्रति सिफारिस | ५० |
| २ | नागरिता लिने सिफारिस | प्रति सिफारिस | ५० |
| २.क | नागरिताको प्रतिलिपि लिने सिफारिस | प्रति सिफारिस | ५० |
| ३ | बहाल करको लेखाजोखा सिफारिस | प्रति सिफारिस | ५०० |
| ४ | कोठा खोल्न रोहवारमा बस्ने | प्रति पटक | १०० |
| ५ | मोहि लगायतको कट्टाको सिफारिस | प्रति सिफारिस | १०० |
| ६ | घर जग्गा करको लेखाजोखा -वार्षिक आम्दानी खुलेको सिफारिस)<br>➢ वार्षिक रु १० लाख सम्म आम्दानी खुलेको<br>➢ रु १० लाख एक रुपौयाँ देखि ३० लाख सम्म आम्दानी खुलेको<br>➢ रु ३० लाख १ देखि ५० लाख सम्म<br>➢ ५० लाख १देखि ७५ लाख सम्म<br>➢ ७५ लाख १ देखि १ करोड सम्म<br>➢ १ करोड १ देखि २ करोड सम्मको<br>➢ २ करोड भन्दा माथि प्रतिलाख थप १०० | प्रति सिफारिस | १,०००<br>२,०००<br>३,०००<br>४०००<br>५०००<br>७००० |
| ७ | जन्म मिति प्रमाणित गरिएको सिफारिस | प्रति सिफारिस | ५० |
| ८ | व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा व्यापार व्यवसाय हुदै नभएको सिफारिस | प्रति सिफारिस | ५०० |
| ९ | मिलापत्रको कागज गराउने निवेदन दर्ता सिफारिस | प्रति सिफारिस | २०० |
| १० | विवाह प्रमाणित तथा अविवाहित प्रमाणिकरण सिफारिस | प्रति सिफारिस | २०० |
| ११ | निशुल्क वा छुट सहितको स्वास्थ्य उपचारको सिफारिस | प्रति सिफारिस | ५० |
| १२ | अंग्रेजी माध्यममा सिफारिस तथा प्रमाणित गर्ने | प्रति सिफारिस | ५०० |
| १३ | घर पाताल प्रमाणित सिफारिस | प्रति सिफारिस | १०० |
| १४ | व्यक्तिगत विवरण प्रमाणित गर्ने सिफारिस | प्रति सिफारिस | १०० |
| १५ | जग्गा धनि दर्ता प्रमाण पुर्जामा घर कायम गर्ने सिफारिस | प्रति सिफारिस | १०० |
| १६ | फरक-फरक नाम, थर, जन्म मिति प्रमाणित र दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस | प्रति सिफारिस | १०० |
| १७ | नाम, जन्म मिति संशोधनको सिफारिस | प्रति सिफारिस | १०० |
| १८ | जग्गा धनि प्रमाण पत्र हराएको सिफारिस | प्रति सिफारिस | १०० |
| १९ | कागज वा मञ्जुरीनामा प्रमाणित गर्ने सिफारिस | प्रति सिफारिस | २०० |
| २० | कित्ता काँट गर्ने सिफारिस | प्रति सिफारिस | १०० |

| | | | |
|---|---|---|---|
| २१ | संरक्षक प्रमाणित गर्ने र व्यक्तिगत संरक्षक सिफारिस गर्ने | प्रति सिफारिस | २५० |
| २२ | जिवित सँगको नाता प्रमाणित गर्ने सिफारिस | प्रति सिफारिस | १०० |
| २३ | हकवाला वा हकदार प्रमाणित गर्ने सिफारिस | प्रति सिफारिस | १०० |
| २४ | नामसारी गर्ने सिफारिस | प्रति सिफारिस | १०० |
| २५ | जग्गाको हक सम्बन्धि सिफारिस | प्रति सिफारिस | १०० |
| २६ | मृतक सँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस | प्रति सिफारिस | २०० |
| २७ | उद्योगको ठाउँ सारी सिफारिस | प्रति सिफारिस | ५०० |
| २८ | जिवित रहेको सिफारिस | प्रति सिफारिस | ५०० |
| २८ | वेपत्ता भएको सिफारीस | प्रति सिफारिस | ५०० |
| २९ | विद्यालय खोल्ने सिफारिस<br>➢ सामुदायिक विद्यालय<br>➢ निजि विद्यालय<br>➢ विद्यालय खोलने अनुमतिका लागि आवेदन शुल्क, तह<br>➢ विद्यालय खोल्न अनुमतिका लागि आवेदन शुल्क,तह थप समेत(निजी विद्यालयको हकमा) | प्रति सिफारिस | १,०००<br>२,०००<br>५,०००<br>१,०००० |
| ३० | घर जग्गा -अचल सम्पती मुल्याङ्कन सिफारिस)<br>➢ १० लाख सम्मको मुल्याङ्कन सिफारिसमा<br>➢ १० लाख १ देखि २५ लाख सम्मको मुल्याङ्कन सिफारिसमा<br>➢ २५ लाख १ देखि ५० पचास लाख सम्मको मुल्याङ्कन सिफारिसमा<br>➢ ५० लाख १ देखि १ करोड मुल्याङ्कन सिफारिसमा<br>➢ १ करोड १ देखि २ करोड सम्मको प्रतिसिफारिसमा<br>➢ २ करोड भन्दा माथि प्रतिलाख थप १०० प्रतिसिफारिस<br>➢ | प्रति सिफारिस | ५,००<br>१,०००<br>३०००<br>५,०००<br>७,००० |
| ३१ | विद्यालयको कक्षा थप गर्ने सिफारिस<br>➢ सामुदायिक विद्यालय<br>➢ निजी विद्यालय<br>➢ कक्षा थप गर्ने अनुमति (सामुदायिक विद्यालयको हकमा)<br>➢ कक्षा थप गर्ने अनुमति -निजी विद्यालयको हकमा) | प्रति सिफारिस | ५,००<br>१,०००<br>२५,००<br>५,००० |
| ३२ | पालन पोषणको वा संरक्षकको सिफारिस | प्रति सिफारिस | १०० |
| ३३ | वैवाहिक अंगीकृत नागरिता सिफारिस | प्रति सिफारिस | १००० |
| ३४ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित सिफारिस | प्रति सिफारिस | ५० |
| ३५ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित सिफारिस | | ५,०० |
| ३६ | विद्यालय ठाउँसारी गर्ने सिफारिस<br>➢ सामुदायिक विद्यालय<br>➢ निजी विद्यालय | | १,०००<br>२००० |
| ३७ | धारा तथा विजुली जडानकोलागि सिफारिस | | १०० |
| ३८ | प्रचलित कानुन अनुसार प्रत्याजित अधिकार बमोजिम अन्य सिफारिस वा प्रमाणित | | १०० |

| | | | |
|---|---|---|---|
| ३९ | व्यक्तिगत घटना दर्ता प्रमाणपत्र(जन्म,मृत्यु,विवाह, र सम्वन्ध विच्छेद)३५ दिनभित्र दर्ताहुन आएमा निशुल्क सो भन्दा पछि आएमा | प्रति प्रमाणपत्र | १०० |
| ४० | बसाईसराईको प्रमाणपत्रको हकमा | प्रति प्रमाणपत्र | २०० |
| ४१ | व्यक्तिगत घटना दर्ता प्रमाणपत्र तथा सिफारिसको प्रतिलिपि | प्रति प्रमाणपत्र/सिफारिस | २०० |

## अनुसूची - १२

(ऐनको दफा (१२) सँग सम्बन्धित)

गाउँपालिकाले लिने पर्यटन शुल्कको दर रु.

| | | |
|---|---|---|
| **पर्यटक शुल्क (पटके)** | आन्तरिक पर्यटक प्रति व्यक्ति प्रति दिन | |
| | बाह्य पर्यटक प्रति व्यक्ति प्रति दिन | १०० |